# राजनीतिक यात्रा र सेल्टर



जया घिमिरे
पूर्व केन्द्रीय सदस्य

बुवा पाण्डवराज घिमिरे अन्याय, अत्याचार र सामन्ती शोषण–दमनका विरुद्ध लड्ने जुझारु किसान नेता हुनुहुन्थ्यो। सिराहा, सप्तरी, धनुषा, महोत्तरी, सर्लाही, रौतहट लगायतका जिल्लामा चलेको २००९–२०१३ को किसान आन्दोलनमा सरिक हुनुहुन्थ्यो। २०१५ सालको आमनिर्वाचनमा कम्युनिस्ट पार्टीका तर्फबाट प्रतिनिधिसभा सदस्यको उम्मेदवार समेत बन्नुभयो। बुवाकै अगुवाइमा धनुषाको बटेश्वर गाउँमा रहेको हाम्रो घरमा तत्कालीन कम्युनिस्ट पार्टीको केन्द्रीय कमिटीको बैठक बसी मनमोहन अधिकारीज्यूलाई महासचिवसमेत बनाइएको रहेछ। यसरी मेरो बुवा कम्युनिस्ट पार्टीमा लागेपछि ममा पनि सानैदेखि त्यसको प्रभाव पर्न थालिसकेको थियो। २०२५ सालतिर भारतद्वारा नेपाली भूमि सुस्ता र महेशपुरमाथि गरिएको अतिक्रमण तथा डीआईजी नारायण सिंह काण्डको विरुद्धमा विद्यार्थी समेतको संलग्नतामा जनकपुरमा ठूलो विरोध प्रदर्शन भयो। यसको अगुवाइ मेरो बुवा समेतले गर्नुभएको थियो। त्यसबेला सानै उमेरकी म उक्त प्रदर्शनमा बुवाको हात समातेर दाइहरू सहित हिँडेको अहिले पनि सम्झन्छु। मेरी आमा खिलेश्वरी घिमिरे सहित महिलाहरूलाई अगाडि राखी जुलुस प्रदर्शन भएको थियो। प्रदर्शनकै क्रममा प्रहरीले बुवा लगायत अन्य नेताहरूलाई समातेर लग्यो। दाइहरूले मलाई घर ल्याउनुभयो। बुवा जेल पर्नुभयो। क्रमशः ममा राजनीतिक जागरणको सुरुवात हुन थाल्यो। जनकपुरमा पनि एउटा सानो घर थियो, त्यहीँ बसेर हामीहरू पढ्ने गर्थ्यौं। घरमा धेरै मानिसहरूको आवतजावत हुन्थ्यो। राजनीतिक कुराहरू चल्थे। घरमा हुने कतिपय अनौपचारिक छलफलहरूमा मेरो सहभागिता हुन थाल्यो। दाइहरू पनि विद्यार्थी आन्दोलनमा सरिक हुन थाल्नुभयो। अखिलको गतिविधिले तीव्रता लिन थाल्यो। तत्कालीन पञ्चायती सरकारले ल्याएको औपनिवेशिक नयाँ शिक्षा नीतिका विरुद्धमा विद्यार्थीले गरेका आन्दोलनहरूमा प्रहरी

दमनमा परी धनुषाको जदुकोहामा दुई जना विद्यार्थी कामेश्वर र कुशेश्वर सहिद हुनुभयो। देशव्यापी रूपमा विद्यार्थी आन्दोलनले गति लिन थाल्यो। मेरा दाजुहरूका साथमा म पनि आन्दोलनमा सरिक हुन थालेँ। मेरो दाजु विनोद घिमिरे विद्यार्थी गतिविधिमा संलग्न रहेकै बेला झापाका क्रान्तिकारीहरूसँग प्रत्यक्ष/अप्रत्यक्ष सम्पर्कमा रहनुभएको रहेछ। सोही सम्पर्कका माध्यमद्वारा सिराहा जिल्लाको विष्णुपुरमा रहेको मेरो मावली गाउँमा झापा आन्दोलनका नेताहरूको आवतजावत तीव्र भएपछि दाजु सिराहाकै सम्पर्कमा केन्द्रित रहनुभयो। यता म पनि जनकपुरबाट एसएलसी उत्तीर्ण भएर जनकपुरमै आईए अध्ययन गर्न थालेँ। दाजु सिराहा जिल्ला को–अर्डिनेसन केन्द्रको संस्थापक सदस्य हुँदै कोकेको निर्णयअनुसार सिराहा जिल्लामै भूमिगत हुनुभयो भने मावलीमा बसेर कक्षा आठमा पढ्दै गरेकी बहिनी विजया घिमिरे पनि बुर्जुवा शिक्षा बहिष्कार भन्दै भूमिगत भइन्। म पनि जनकपुरमा आईएमा पढ्दै गर्दा तत्कालीन भूमिगत नेताहरू ईश्वर पोखरेल, मणिलाल राई, हरि पोखरेल लगायतको सम्पर्कमा आइसकेकी थिएँ। तर बुवा पाण्डवराज घिमिरेले दाजु विनोद घिमिरे र बहिनी विजया घिमिरे भूमिगत भइसकेपछि मलाई भूमिगत नहुन र अध्ययनलाई जारी राख्ने सल्लाह दिइरहनुभएको थियो। २०३३ असारमा दाजु विनोद भारतबाट कोकेको मुखपत्र ‘वर्ग सङ्घर्ष’को दोस्रो अङ्क ल्याउँदै गर्दा धनुषाको जयनगर इनरवामा गिरफ्तार परेपछि म झन् दबाबमा परेँ। अन्ततः मैले पनि २०३३ सालको मध्यतिर बुर्जुवा शिक्षा बहिष्कार गर्दै सिराहा जिल्लामै भूमिगत भई पार्टी कामको सुरुवात गर्न थालेँ।

शोषण, दमन, अन्याय, अत्याचारको विरोध गर्दै जनतालाई मुक्ति दिलाउने महान् अभिभारा लिएर गरिब जनताका घरघरमा गई कम्युनिस्ट राजनीतिले लैस गराई कम्युनिस्ट पार्टीमा सङ्गठित गराउँदै जाने अभिभारा थियो। सम्पूर्ण घरपरिवार, धनसम्पत्ति, पढाइ, आफन्त सबैलाई छाडेर जनतासँग एकाकार हुँदै उनीहरूको घरदैलोमा आश्रय लिएर सुखदुःखमा सहभागी हुनु भूमिगत कार्यकर्ताको काम थियो। म पनि यसै गरी भूमिगत कार्यकर्ता बनेँ। अब मेरो काम बन्यो– गरिब जनताका माझमा आश्रय निर्माण गर्ने र आश्रयस्थलमा बसी वर्ग आधारित पार्टी निर्माण गर्न वर्गीय चेतनासहितको टोल स्तरीय इकाइ गठन गर्ने, टोल स्तरीय इकाइहरूलाई एकीकृत गर्दै पार्टीको निर्माण गर्ने, गरिब जनताद्वारा संरक्षित एवं सङ्गठित तथा गरिबकै हितका लागि सङ्घर्षरत पार्टी बनाउने। खासगरी गरिब, निम्नवर्गीय व्यक्तिको घरमै आश्रय हुनुपर्थ्यो। भूमिगत हुने बित्तिकै मलाई पनि सुकुम्बासी भूमिहीन गरिब वर्गमा पर्ने मुसहर बस्तीमा पठाइयो। म सप्तरी सिसुवारीको मुसहरी टोल, तरेगनाको मुसहरी टोल, भवानीपुरको मुसहरी टोल, कडहरबा पिप्राको चमार टोल, शिवनगरको चमार टोल, डाबर भरलेनिको चमार टोल,

मुकसारको मुसहरी टोल लगायत अनेकौँ बस्ती तथा टोलमा आश्रयस्थल निर्माण गर्दै राजनीतिक काम गर्न थालें।

**प्रेरणादायी पक्षहरू**

प्रत्येक भूमिगत कार्यकर्ता निस्वार्थी हुनुपर्थ्यो। जनता र पार्टीको स्वार्थ नै आफ्नो स्वार्थ सम्झनु पर्थ्यो। जनता, क्रान्ति र पार्टीका लागि आफ्ना निजी हितहरूलाई त्याग गरिन्थ्यो। कम्युनिस्ट पार्टीमा लागेबापत कुनै किसिमको व्यक्तिगत चाहना हुन्थेन। त्याग र इमान्दारी नै प्रमुख कुरा हुन्थे। भूमिगत कार्यकर्ताबीचमा एकअर्काप्रति द्वेष, रिस, राग, षड्यन्त्र र छलकपट हुँदैनथ्यो। सच्चा मन र खुला दिलले कुरा गरिन्थ्यो। कुनै दुःख वा समस्या पर्दा कुनै कमरेडसँग कुरा गरेपछि मन हलुङ्गो हुन्थ्यो।

जनतासँग एकाकार हुन उनीहरूका सुखदुःखमा भाग लिनुपर्थ्यो। जनता भोकै बस्दा आफू पनि भोकै बस्ने, जनताले खाँदा खाने, फुर्सद एवं अनुकूल समयमा जनताले गर्ने हरेक काममा भाग लिएर सघाउने, जनताभन्दा माथि आफूलाई कहिल्यै नठान्ने व्यवहार गरिन्थ्यो। जस्तोसुकै कठिन समयमा पनि जनताबाट नअलग्गिने, उनीहरूसँगै बस्ने गरिन्थ्यो।

गल्ती हुँदा आत्मालोचित हुने, आफ्ना कमजोरीलाई नलुकाउने, आफूले गरेका गल्तीलाई सहजै स्वीकार्ने र सुधार्ने गर्नु पर्थ्यो। अरूका गल्ती–कमजोरीलाई पनि भेदभाव नगरी बताउने र गल्ती गर्नेहरूले पनि सहजै स्वीकार्ने हुन्थ्यो। बदलाको भावना राखिँदैनथ्यो। एकले अर्कालाई माया, हेरविचार र सहयोग गरिन्थ्यो।

अनुशासनका तीन नियम र पालन गर्नुपर्ने आठ कुराहरूलाई अनिवार्य लागू गरिन्थ्यो। जुनसुकै अप्ठ्यारो घडीमा पनि पार्टीप्रतिको निष्ठालाई कायम राखिन्थ्यो। पार्टीको गोपनीयतालाई जस्तोसुकै अप्ठ्यारो घडीमा पनि जोगाइराख्नु कर्तव्य ठानिन्थ्यो। हजारौँ अप्ठ्यारा पार गर्दै विजय प्राप्त गर्ने भावना बोकेर अगाडि बढिन्थ्यो र जनतालाई जागृत गरिन्थ्यो। लिएको जिम्मेवारी जसरी पनि पूरा गर्नुपर्थ्यो। अनुशासन पालना नगर्नेलाई कडाइका साथ आलोचना हुन्थ्यो र कारबाही पनि गरिन्थ्यो।

कमिटीमा आएको आर्थिक सहयोगको उचित सदुपयोग हुन्थ्यो। एक–एक पैसाको हिसाब–किताब गरिन्थे। आवश्यकता अनुसार कमिटी प्रणाली अनुसार कार्यकर्तालाई सहयोग हुन्थ्यो।

वैचारिक रूपले बलियो हुन पार्टीद्वारा प्रकाशित मुखपत्र वर्गसङ्गघर्ष, क्रान्तिकारी पत्रपत्रिका, मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन, माओ, चारु मजुमदार लगायत नेताहरूका

रचना अध्ययन गरिन्थ्यो। वैचारिक, सैद्धान्तिक एवं राजनीतिक ज्ञानलाई माथि उठाउन र कार्यकर्ताहरूको मनोबल उच्च बनाउन क्रान्तिकारी योद्धाहरूको जीवनीको अध्ययन गरिन्थ्यो। कुनै भेदभाव गरिँदैनथ्यो, यो पक्ष र त्यो पक्ष हेरिँदैनथ्यो। नैतिकता, इमान्दारी, लगनशीलता, मिहिनेत र त्यागको मूल्याङ्कन गर्ने परिपाटी थियो। भूमिगत जीवनका प्रारम्भिक दिनमा यस्ता व्यवहारले मलाई प्रभावित बनाइरह्यो र कम्युनिस्ट आन्दोलनमा लागिरहन प्रेरणा दिइरह्यो। आजपर्यन्त लागिरहेकी छु, कुनै दुःख वा हीनताको महसुस भएको छैन।

**अप्ठ्यारा क्षणहरू**

मेरो भूमिगत जीवनको लामो बसाइ सिराहा जिल्लाको कडरवा गाउँ थियो। त्यस नजिकै ३०–४० घरको चमार टोल थियो। त्यहाँ सम्पर्क व्यक्ति हुनुहुन्थ्यो ज्ञानी मोची। जोहरले ज्ञानी मोचीसँग सम्पर्क गराउनुभएको थियो। म त्यही चमार टोलमा बस्थेँ। त्यहाँ बस्दा ज्ञानी, अर्जुन, जोगिन्दर लगायतका घरहरू मेरा आश्रयस्थल थिए। जोगेन्द्रकी आमा साह्रै सहयोगी हुनुहुन्थ्यो। आमा, जोगिन्दरकी बहिनी र म सँगै सुत्थ्यौँ। मधेसी महिलाको पहिरन लगाई हातमा ठूलठूला लहटी लगाइ बस्थेँ। कसैले देखिहाले पनि बहिनीले आफ्नो नातेदार बताउँथिन्। यसरी बसेर रातीराती छेउछाउका गाउँमा गई रेड बुक, तीन लेखका कुराहरू बताउँदै जनतालाई सङ्गठित एवं जागृत गराउँथेँ। सुकुम्बासीको बस्ती थियो, मजदुरी नगरी खान पाइँदैनथ्यो। आधा पेट भात र कोदोको रोटीले जीवन निर्वाह हुन्थ्यो। नयाँ वर्ष लगायत पर्वका दिनमा मजदुरहरूलाई मालिक भनाउँदाहरूले खान बोलाउँथे। एक–दुई घरको खानाले पेट भरिन्थ्यो। अरूले दिएको बाँकी खाना उनीहरूले घरमा ल्याउँथे। माटोको ठूलो हन्डीमा सबै खाना राख्थे र जति दिन भए पनि तताएर खाइन्थ्यो। मैले पनि त्यही खान्थेँ। एक दुई दिन त खासै थाहा पाइनँ, राम्रै लाग्यो। तर पछिपछि अमिलो अमिलो लाग्न थाल्यो र भोकले गर्दा हो कि स्वादिलो लाग्थ्यो। उनीहरूको दयनीय अवस्थामा पनि मलाई धेरै नै माया गरेर राखेका थिए। अम्बासको बैठकबाट फर्किंदा मेरो खुट्टामा मैदलको काँडा रोपिएको थियो। घाउ निकै ठूलो भइसकेको हुँदा हिँड्न सकिरहेकी थिइनँ। ज्ञानी मोचीले गोप्य तरिकाले गर्नुभएको औषधिमूलोले म ठिक भएँ।

२०३३ साल जाडोको महिना। राती ८ बजेतिर हरिजी एक्कासि म बसेको आश्रयमा आउनुभयो र आश्रय छोड्न भन्नुभयो, किनकि कोकेको निर्णयबमोजिम एक व्यक्तिमाथि कारबाही भएको थियो। त्यो स्थान म बसेको नजिकै थियो। प्रहरी प्रशासनद्वारा व्यापक दमन र धरपकड हुन सक्ने भएकाले मैले आश्रय छोड्नुपर्ने भयो। हरिजीले राती नै ३ घण्टा पर शोभापुरको मुसहरी टोलमा पुऱ्याउनुभयो। म त्यहीँ बसेँ।

हरिजी फर्केर जानुभयो। मैले त्यही टोलमा बसेर पार्टी काम गर्नुपर्ने भयो। केही दिन त घरभित्रै बसेर बिते। त्यसपछि म सप्तरीको सिसुवारी मुसहरी टोल गएँ। त्यहाँ निर्मला दिदी आश्रय लिएर बसिरहनुभएको थियो। दुई दिनदेखि केही खाएका थिएनौँ। दुई दिनपछि सेल्टरदाता खेतको माटो काट्ने काममा लाग्नुभयो र त्यसबापत प्राप्त मजदुरीको रूपमा ल्याउनुभएको धान कुटेर भात पकाउनुभयो।

आश्रयदाता नुहाएर आएपछि खाने भनेर पर्खिएर बसेका थियौँ। एक्कासि टोलमा ठूलो आगो लाग्यो। घरहरू जल्न थाले। मानिसहरूको दौडादौड हुन थाल्यो। कसैले खान पाएका थिएनौँ। भोकभोकै जङ्गलतिर भाग्यौँ। दिनभरि जङ्गलमै बस्यौँ। आश्रयस्थल नखुलोस् भन्ने चिन्ता थियो, खुल्न दिएनौँ। निर्मला दिदी तरेगनाको मुसहरी टोलको आश्रयमा जानुभयो र म पुनः शोभापुरको मुसहरी टोलमा आएँ। उक्त मुसहरी टोलबाट अलि पर हुनेखाने चौधरीहरूको बस्ती थियो। कुनै चौधरीको खेतको तोरी चोरी भएछ। भोलिपल्ट प्रहरी बोलाई मुसहरी टोलको प्रत्येक घरमा खानतलासी गर्ने भए। म पनि त्यहीँ थिएँ, अब के गर्ने ? टोलका आश्रयदाताहरूमध्ये सबैले दुई–चार दिनका लागि अन्यत्र जान आग्रह गर्न थाल्नुभयो। पार्टीको निर्देशनबमोजिम सेल्टर छोडेर हिँड्नु हुँदैन थियो, आत्मरक्षा ठहरिन्थ्यो। एकचोटि आश्रय छाडी हिँडिसकेपछि फेरि त्यस्तै आश्रय बनाउन निकै गाह्रो थियो। मैले यो सेल्टर छाडेर जानु हुँदैन, जसरी पनि टिकेरै बस्नुपर्दछ। मेरा लागि गम्भीर र चुनौतीपूर्ण कुरा भयो। कहाँ जाने सेल्टर निर्माण गर्न ? मैले सेल्टरदाताहरूलाई म तपाईंहरूकै लागि आएकी हुँ, कसैगरी मलाई यहीँ बस्नु छ र पार्टी काम गर्नु छ भनेँ। त्यसपछि रेडगार्डका रूपमा सङ्गठित सानी बहिनी शिखाले उपाय निकालिन्। भनिन्, ‘कमरेडको झोला र सामान परालभित्र लुकाइदिऊँ, उहाँ हाम्रै पहिरनमा गाईबाख्रा चराउन दिउँसो चौरीतिर जानुहुन्छ। राती त खान तलासी गर्दैनन्।’ सो कुरा सबैले स्वीकारे। सेल्टर पनि नखुल्ने, पार्टी सङ्गठनको काम पनि हुने ठानेर म त्यहीँ बसे। खुट्टी खोलाको बगरमा मेरै उमेरको शिवा एवं अन्य साना नानीहरूसँग उस्तै पहिरनमा लहटी लगाई लौरो लिएर गाईबाख्रा चराउँदै केही दिनसम्म त्यहीँ बसेँ। खुट्टाको घाउ पनि पूर्णरूपले ठिक नहुन्जेल पार्टी सङ्गठनको कामलाई पनि त्यहीँ बसेर निरन्तरता दिएँ।

सेल्टरमा बस्दा नुहाउन पाइँदैनथ्यो। अझ गुरुधामको सेल्टरमा बस्दा झन् समस्या। पानीको अभाव। सन्तलालजीको घरमा बस्दा काली नामकी रेडगार्ड बहिनीले हेरविचार गर्नुहुन्थ्यो। नुहाउन र लुगा धुन नपाएर जुम्राको थुप्रो हुन्थे। धेरै समस्या भएपछि सन्तलालजीको परिवारले राती लुगा तातो पानीमा उमालेर गाउँदेखि पूर्वपट्टि बाँसको झ्याङनेरी गाईबस्तुलाई पानी खुवाउन बनाइएको सानो पोखरीमा लगेर धोइदिनु

हुन्थ्यो । म पनि सँगै गएर धमिलो पानीमा नुहाएर आउँथे । यसरी गुर्धामका सन्तलाल मगर, रामजी यादव, सोभियत मुखिया, चन्देश्वर ठाकुर, राजकुमार सिंह, मानबहादुर तामाङ, शिवदयाल विश्वकर्मा, जुगुतलाल, श्याम तामाङ, कृष्णलाल सिंह लगायतका साथीहरूले आश्रय दिएर पार्टीप्रति गर्नुभएको योगदान सधैं प्रशंसनीय रहनेछ ।

एकचोटि गुरुधामबाट रामजी कमरेडले मलाई जयपुर सिंघेश्वर महत्त्वको सेल्टरमा पुऱ्याउनु पर्ने भयो । राती खाना खाएर हिँड्यौँ । प्रहरीको निकै चहलपहल थियो । कसाहाको चौरीबाट हामी राजमार्ग काट्यौँ । त्यही समयमा ठूलठूला टर्चलाइट हामीतिर सोझ्याउँदै केही मानिस आए । अब के गर्ने ? हामी खेतको आली छेउमा सुत्यौँ । आली ठूलो थियो । उनीहरूले हामीलाई देख्न सकेनन्, चारैतिर बत्ती बालेर पनि केही नदेखेपछि बाटो लागे । आधा घण्टाको सुताइपछि हामी बच्यौँ । म सिंघेश्वरको घरमा बसेँ, रामजी कमरेड फर्किनुभयो ।

जयपुरमा सिंघेश्वर महतोको घरमा आश्रय थियो । गुरुधामका कृष्णलाल सिंहमार्फत सिंघेश्वरजीसँग सम्पर्क भएको थियो । घर जयपुर गाउँदेखि अलि अलग्गै थियो, भूमिगत बस्न अलि सजिलो । आमा, उहाँ अनि श्रीमती । सन्तान भएका थिएनन् । सन्तानका लागि चिन्तित हुनुहुन्थ्यो । म त्यहाँ बस्दाबस्दै धेरै पछि उहाँकी छोरी जन्मिन् । मलाई नै नाम राखिदिन भन्नुभयो । ज्योति नाम राखिदिएँ । यस गाउँमा राजपुतहरू बस्थे, अलि धनी, हुने खाने खालका । प्रहरीसँग सम्बन्ध पनि भएका । उनीहरू गाउँमा गरिब निमुखालाई हेप्ने गर्थे । उनीहरूबाट बच्नु पर्थ्यो । म १८ /१९ वर्षकी थिएँ । ममाथि उनीहरूको नराम्रो नजर पर्ला कि भन्ने आमालाई चिन्ता थियो । त्यसैले आमाले मलाई कहिल्यै साथ छोड्नुभएन । सधैँ सँगै सुताउनुहुन्थ्यो ।

बर्खाको बेला जयपुरबाट दुर्गापुर हुँदै बुडियाचाप जानुपर्ने भयो । साँझ ६ बजे म र हरिजी जयपुरबाट हिँड्यौँ । दुर्गापुर पुगेपछि सिमसिम पानी पर्न थाल्यो । एकछिन त्यहीँ बस्यौँ । फेरि हिँड्यौँ । अँधेरी रात, पानी पर्न सुरु गऱ्यो । ठूलो पानी पऱ्यो । दुर्गापुरबाट बुढियाचाप जान ठूलो चौरी पार गर्नुपर्ने हुन्छ । बीचमा कुनै घर बस्ती थिएनन् । ठूलो पानी परेपछि ठूलै भेल आयो । बीचमा पर्ने जलाद खोलाको पानीको भेल, अँधेरी रात, अब के गर्ने ? हामीहरू हात समातेर खेतको बीचको डगरबाट हिँड्न थाल्यौँ । हात छुट्यो । मलाई भेलले बगायो । अलि पर पुऱ्याएपछि आलीको किनारमा अडिएँछु । अँधेरी रात भएकाले केही देखिँदैनथ्यो । बिस्तारै सुसेली हालेर बोलाउनु भो । फेरि नजिकै आयौँ र भेट भयो । टाढाको बत्ती हेरेर, बिजुली चम्केको उज्यालोका बलमा, भेलमा बाटो पहिल्याउँदै हिँडिरह्यौँ । निथ्रुक्क भिज्दै बुढियाचापको आश्रयमा पुग्यौँ ।

गणेश विष्ट, उहाँकी परिवार र आमाले फेर्ने लुगा दिनुभयो। लुगा फेऱ्यौँ। तातो खाना दिनुभयो। मृत्युबाट जोगिएको र तातो खाना पाएपछि खाना खाएर मिठो निद निदायौँ।

लालपुरका रामकृष्ण मोची, तत्कालीन कोके सिराहाका संस्थापकमध्येका एक हुन्। मलाई सेल्टर निर्माण गर्ने काममा उहाँको ठूलो योगदान छ। उहाँकै घरबाट झापाबाट भूमिगत आउनुभएकी कार्यकर्ता देवकी खरेल गिरफ्तार हुनुभएको थियो। कतिपय ठाउँहरूमा उहाँले मलाई लिएर जानुहुन्थ्यो र सम्पर्क स्थापित गर्न मद्दत गर्नुहुन्थ्यो। एकदिन मोहनपुरको शिवनगर चमार टोलमा लिएर जानुभयो। दुई–चार दिन त सहज रूपमा बसियो। रामकृष्ण फर्किहाल्नुभयो। त्यहाँका मुख्य सम्पर्कित व्यक्ति मेरो टर्चलाइट माग्न आए। सोझो हिसाबले दिएँ, पार्टी काम गर्नुहुन्छ भनेर। त्यो टर्चलाइट लिएर उनी त खसी चोर्न पो गएका रहेछन्। भोलिपल्ट गाउँलेहरू जम्मा भएपछि पो थाहा भयो। यसरी गलत उद्देश्यका लागि पनि मानिसहरू लाग्दा रहेछन्।

**गिरफ्तारी र यातना**

तत्कालीन कोकेको सिराहा, सप्तरी, उदयपुरको संयुक्त कमिटीको बैठक २०३४ भदौमा बस्ने निर्णय गरियो। त्यसबेला म सिराहा जिल्लाको दक्षिणी भेगमा पर्ने भारतीय सीमाछेउको कडरबा आश्रयस्थलमा बसेर त्यहाँका जनसमुदायबीचमा पार्टी सिद्धान्तको प्रचारप्रसार र सङ्गठन गर्दै थिएँ। मलाई बैठकको खबर आयो। राती नै ६ घण्टाको बाटो हिँडेर सम्पर्कित व्यक्ति नेमबहादुरको घरमा आएँ। हरि पनि आइपुग्नुभएको रहेछ। हामीलाई लिन हीराबहादुर सुनार आइपुग्नुभो। बैठकस्थल हीराबहादुरको घरभन्दा पूर्व दलमे खुट्टी भन्ने ठाउँमा हमानसिंह मगरको घरमा थियो। जङ्गलको बाटो राती १२ बजे बैठकस्थल पुग्दा सबै साथीहरू आइनसकेकाले भोलि बिहानदेखि बैठक गर्ने सल्लाह गऱ्यौँ। मणि र ईश्वरी आचार्यजी त्यहीँ हुनुहुन्थ्यो, विजया पनि आइपुग्नुभयो। राममणि र वेदप्रसाद आइपुग्नु भएको थिएन। हामी पनि थकित थियौँ, सुत्यौँ। करिब ४ बजेको हुँदो हो, प्रहरीले आश्रयस्थल घेऱ्यो। रेडगार्ड रहनुभएका हीरा, छमानसिंह र घरपट्टि हमानसिंहलाई गिरफ्तार गऱ्यो।

प्रहरीले बजाएको सिठीको आवाजसँगै मणिजी माथिबाट हाम फाल्नुभयो। तर प्रहरीले बन्दुकको कुन्दाले टाउकोमा हानेर पक्रियो र बाँध्यो। केही प्रहरी टाँडमा चढे र हामीलाई घिसारेर तल झारे। मणि, हरि, हीरा, छमानसिंहलाई डोरीले बाँधे र लिएर हिँडे। अघि–अघि उहाँहरू र पछिपछि ईश्वरी, विजया, आश्रयदाता हमानसिंह, उहाँका परिवार र मलाई दुई घण्टा हिँडाए। परेवाभीर काटेपछि जङ्गलको एउटा सानो मोडमा असई मनोज कार्की पिसाब फेर्न बसेको मौका पारि डोरीले बाँधिएका चारै जना

पुरुष कमरेडहरूले एकैचोटि डोरी चुँडाएर कोही पूर्व कोही पश्चिमतिरको जङ्गलमा भाग्नुभयो। सबैभन्दा अगाडि राइफल लिएर हिँडेका प्रहरीहरू 'भागे भागे' भनेर कराउन थाले। असईले सोधे, 'को भाग्यो ?' अगाडिका प्रहरीले लोग्नेमान्छे डोरी चुँडाएर भागे भने। 'ठोक ! ठोक !' असईले आदेश दिए। बन्दुक पड्किन थाले। तर कसैलाई लागेको थाहा भएन। असईले महिलालाई घेर्न आदेश दिए। सबै प्रहरीले हामीलाई घेरेर राखे। बिहानको नौ–दस बजेको हुँदो हो। थप प्रहरीका लागि खबर गरे। पुरुष कमरेडहरू उम्कन सफल हुनुभयो। म, ईश्वरी र विजयालाई कडा सुरक्षाका साथ जङ्गलको कुनामा लगे, तिनै जनालाई एक लाइनमा उभ्याइयो र फाइरिङ गरे। गोली आकाशतिर गयो।

हामीलाई तर्साउन हो वा झुक्किएर आकाशतिर गएको हो, हामी बाँच्यौँ। वर्षाको बेला, सिमसिम पानी परिरहेकाले लगाएका लुगाहरू भिजेर हिँड्न नसक्ने भइसकेका थियौँ। त्यसमाथि प्रहरीका अश्लील गालीगलौज एवं यातना। भोकतिर्खाले शरीर थिलथिलो भएको थियो। तर हामी हिँडिरह्यौँ। केही समय पहिले कोकेको निर्णय अनुसार कारबाहीमा परेका व्यक्तिको घरमा पुऱ्याइयो र बेइज्जतीपूर्वक राखियो। रात परेपछि हामी तीनै जनालाई लहान थाना पुऱ्याइयो। सिमेन्टको चिसो भुइँ। एक छेउमा दिसापिसाब गर्ने नाला। त्यसैको छेउमा रहेको काठको तुरुङ। तुरुङमा दुवै खुट्टा पसाए र हात पछाडि फर्काएर बाँधे। प्रहरीले यातना दिँदै नङमा पिन रोपेर पाइतालामा हिर्काउने, अश्लील शब्दहरू प्रयोग गर्ने, आश्रयस्थलका बारेमा, भाग्न सफल कमरेडहरूका बारेमा, भूमिगत गतिविधि भएका ठाउँहरू र व्यक्तिहरूका बारेमा, मणिलालजीको घरमा छापा मार्दा मैले लेखेको पत्रका बारेमा, रेडगार्डका बारेमा क्रा.क.स. महिलाहरूका बारेमा सोध्न थाले। तत्कालीन सीडीओ र प्रहरी प्रमुखको अगाडि नै अश्लील शब्द प्रयोग गर्ने, शरीरका विभिन्न अङ्गमा छुने, जहाँ पायो त्यतै हिर्काउने, सुताएर खुट्टामा बेहोस नहुन्जेलसम्म हिर्काइरहने, टेबुलमा हात राखेर नङमा हिर्काउने, त्यसपछि हिँड्न लगाउने लगायतका अनेकौँ यातनाका बावजुद प्रहरी प्रशासनले खोजेको कुरा पाउन सकेन। पार्टीका गोपनीयता कायमै राख्यौँ। थानामा रहुन्जेल प्रहरीको क्रूर यातना सह्यौँ। करिब एक महिनापछि हामी सबैलाई राजविराज कारागार चलान गरियो। कारागार पुगेपछि भौतिक रूपमा अलिकति हलुङ्गो महसुस गरे पनि सीआईडीहरूले हामीलाई मानसिक एवं शारीरिक यातना दिन भने छाडेनन्। जेलभित्र पुरुष कमरेडहरूलाई बाहिरका कामरेडहरूले माओका रचनाहरू, पार्टीका दस्तावेज, गोप्य रूपमा पठाउनुहुन्थ्यो। पुरुष कमरेडहरूले महिला वार्डमा रहेका हामीलाई ती पुस्तक, पत्रिकाहरू अध्ययन गर्न पठाउनुहुन्थ्यो। एकदिन बाबुसँगै जेलमा रहेकी सानी बहिनी हदिशाले हामीले राखेका पुस्तकबारे प्रहरीलाई जानकारी गराइदिइन्। त्यसपछि हामीमाथि झन् यातना

दिन थालियो। मलाई र ईश्वरीलाई एउटै हतकडी लगाएर र राती अँध्यारो बनाई राख्ने गरियो। कैयौँ दिनसम्म त्यसरी नै बसियो जेलमा। उक्त अवधिमा हाम्रो परिवारका पाँच जना सदस्य– बुवा, आमा, दाजु विनोद घिमिरे, बहिनी विजया र म कोही राजविराज, कोही जलेश्वर र कोही मलङ्गवा जेलमा थियौँ।

## प्रहरी घेराबीच विवाह

२०३५ सालमा म जेलबाट छुटेँ। बहिनी विजया घिमिरेको विवाह भइसकेको थियो। घर–परिवारद्वारा मेरो विवाहको कुरा आयो। भूमिगत अवस्थामा नै हरिजीसँग विवाहका लागि समझदारी बनिसकेको थियो। जेलबाट छुटेपछि परिवारबाट झन् बढी दबाब आउनु स्वाभाविकै थियो। विवाहको तिथि तोकियो– २०३६ असोज २५ गते। देशव्यापी रूपमा आन्दोलनको लहर चलिरहेको थियो। त्यसै बेला बटेश्वरका कृष्णसुन्दर श्रेष्ठ र नन्दबहादुर सुस्लिङको हत्या भइसकेको थियो। सर्लाहीमा किसान आन्दोलनका दौरानमा न्यायाधीश प्रकाशबहादुरको धानको भकारी फोरेर गरिब किसानहरूले लगेका थिए। उक्त घटनालाई तत्कालीन सरकारले निकै गम्भीरताका साथ लियो। व्यवस्थाविरोधी आन्दोलनको रूपमा लिएर राजनीतिक नेताहरूलाई पनि दमन गर्न थाल्यो। सिन्धुलीका दुर्गा सुवेदी महोत्तरीको जङ्गलमा मारिए। मेरा बुवा पाण्डवराज घिमिरे पार्टी नेता भएका हुँदा उहाँलाई पनि वारेन्ट काटियो। विवाहको दिन नजिकिँदै आयो। विवाह गर्ने स्थान छिनछिनमा सारिँदै गयो। कहिले बन्दीपुरको नन्दमोहरीमा त कहिले कमलामा। जहाँ पनि प्रहरी उपस्थित हुन्थे। अब विवाह कहाँ गर्ने ? हतार–हतारमा गोदारको स्कुलमा विवाहस्थल तोकियो। दुवैतर्फका साथीभाइहरू भेला भए। यो कुरा थाहा पाएर प्रहरीले स्कुल घेऱ्यो। तर पनि छिटोछरितो विवाह सम्पन्न गरियो। प्रहरीले घेरेपछि कतिपय व्यक्ति भागे। बुवा बाहिर निस्कन सफल हुनुभयो भने उक्त स्कुलका हेडमास्टर, मेरी आमा, दाजुलगायत परिवारका सात जनालाई प्रहरीले गिरफ्तार गऱ्यो। संजोग भनौँ, विवाहको समयमा प्रयोग गरिने सुटकेसलाई भने वास्ता गरेन। कमरेड ईश्वर पोखरेलले उक्त सुटकेसभरि पार्टीका महत्त्वपूर्ण दस्ताबेजहरू हालेर सिराहा, सप्तरीका लागि पठाउनुभएको थियो। त्यस्तै मैले लगाएका लुगाभित्र पनि महत्त्वपूर्ण दस्ताबेजहरू थिए। हतार–हतार विवाह सिध्याएर हिँड्यौँ। विवाहको रौनक रहेन, सामान्य ढङ्गले सम्पन्न भयो। विवाहपश्चात् पढाइलाई निरन्तरता दिन पुनः जनकपुर कलेजमा आईएमा भर्ना भएँ। तत्कालीन नेकपा (माले)को जनकपुर नगरको सक्रिय दलमा सङ्गठित भएँ। ईश्वर पोखरेल हाम्रो दलको नेता हुनुहुन्थ्यो। म विद्यार्थी पनि भएकै हुँदा अखिलको गतिविधिमा पनि सक्रियता बढ्यो। अनेरास्ववियुको एकताको पाँचौँको सम्मेलनमा भाग लिने मौका पाएँ। महिला प्रतिनिधिको हैसियतले खुला सत्रमा

मैले गरेको सम्बोधनले त्यसबेला निकै चर्चा पाएको थियो । उक्त सम्मेलनबाट म केन्द्रीय सचिवालय सदस्य हुन पुगेँ। जनकपुर र सगरमाथाका जिल्लाहरूमा विद्यार्थीबीचमा मेरो सक्रियता झन् बढ्न थाल्यो । यसै दौरानमा मेरो कमरेड विद्या भण्डारीसँग भेट भयो । त्यसबेला विराटनगरमा क्याम्पसमा पढ्दै अनेरास्ववियुमा संलग्न भएर विद्यार्थी एवं महिलाको बीचमा पार्टी कामलाई विस्तार गर्ने क्रममा जनकपुर आउँदा उहाँसँग मेरो भेट भएको थियो । पार्टी स्थापना दिवसको सन्दर्भमा गरिएको पोस्टरिङ एवं पम्प्लेटिङ गर्दा हाम्रो जनकपुर नगर सक्रिय दलको माइन्युट पुस्तिका प्रहरी प्रशासनले फेला पाऱ्यो । म जनकपुरमा रहने हुँदा प्रशासनद्वारा मेरो खोजी सुरु भयो । ममाथि निगरानी बढाइयो । मैले फेरि जनकपुर छोड्नुपर्ने भयो । आईए पढ्दापढ्दै पढाइ छाडी पूर्णकालीन कार्यकर्ताका रूपमा हिँड्नुपर्ने भयो । मैले त्यसै गरेँ ।

## अनेमसङ्घमा सहभागिता

केही समयपछि म लगायत शान्ता मानवी, राधा ज्ञवाली, सञ्जिता गिरी, स्वस्ति बज्राचार्य, राशी राई, शोभा मैनाली सहित पुनर्गठित भएको अखिल नेपाल महिला सङ्गको केन्द्रीय सदस्य भई काम गर्न थालेँ। महोत्तरी जिल्लाको कालापानीमा म, सुलोचना मानन्धर, सिन्धुलीबाट गोमा देवकोटासहितको सहभागितामा महिला भेलाको आयोजना गरियो । जनकपुर लगायत सिराहा, सप्तरी जिल्लामा पनि यसरी नै महिला भेलाद्वारा प्रशिक्षण एवं सङ्गठन निर्माण गर्ने काम गरियो। उदयपुर, सिराहा, सप्तरी, धनुषा, महोत्तरी आदि जिल्लामा अखिल नेपाल महिला सङ्गका जिल्ला, इलाका स्तरका कमिटी बनाउन थालेँ। पञ्चायती सरकारले अन्तर्राष्ट्रिय महिला दिवसलाई राम्ररी मनाउन दिँदैनथ्यो। तर विभिन्न स्कुलहरू विष्णुपुर हाई स्कुल, गोलबजार हाईस्कुल, राजविराज कलेज गाईघाट स्कुल, मिर्चैया हाईस्कुल लगायतमा छात्राहरूलाई लिएर महिला दिवस मनाउन थालियो । त्यसैलाई माध्यम बनाएर विद्यार्थी एवं महिलाहरूका बीचमा सङ्गठन निर्माणको काम गर्न थालियो। कतिपय ठाउँमा प्रहरी हस्तक्षेप पनि भए । तर त्यसलाई चिर्दै जुलुस प्रदर्शन, प्रशिक्षण, सङ्गठन निर्माण आदिको रूपमा निरन्तरता दिँदै महिला मुक्ति आन्दोलनको रूपमा महिला दिवस मनाउने परम्परा अगाडि बढाइयो। विभिन्न कठिनाइका बाबजुद सानो बच्चालाई काखमा च्यापेर भूमिगत रूपमा अनेमसङ्घका कमिटीहरू निर्माण गरियो ।

यसरी किशोरावस्थादेखि हालसम्मको जीवन न्याय, समानता र सामाजिक परिवर्तनका लागि समर्पित भएको छ । ●